# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५६) काठमाडौं वैशाख २९ गते २०६३ साल (अतिरिक्ताङ्क १० (क)

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबारको सूचना १

श्री ५ महाराजाधिराजबाट नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम प्रधानमन्त्रीको सिफारिशमा नेपाल अधिराज्यको महान्यायाधिवक्ताको पदमा श्री यज्ञमूर्ति बन्जाडेलाई नियुक्त गरिबक्सेको छ।

### सूचना २

श्री ५ महाराजाधिराजबाट मन्त्रिपरिषद्को सिफारिशमा देहायका अध्यादेशहरू नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ७२ को उपधारा (२) को खण्ड (ख) बमोजिम खारेज गरिबक्सेका छ।

(क) सूचना प्रविधि प्रतिष्ठान अध्यादेश, २०६२

(ख) राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण (पाँचौ संशोधन) अध्यादेश, २०६२

(ग) निर्वाचन सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश, २०६२

(घ) स्थानीय प्रशासन (पाँचौ संशोधन) अध्यादेश, २०६२

(ङ) सञ्चार सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश, २०६२

(च) समाज कल्याण (पहिलो संशोधन) अध्यादेश, २०६२

हुकुम बक्सेबमोजिम,
मो. सु. पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका मुख्य प्रमुख सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू. ५।-
गो. हु. द. न. १६।०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

२६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।